# समस्याग्रस्त सहकारी व्यवस्थापनसम्बन्धी श्वेतपत्र, २०८२

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय**

बुद्धनगर, काठमाडौं

२०८२

*समस्याग्रस्त सहकारी व्यवस्थापन सम्बन्धी श्वेतपत्र-२०८२*

*विषयसूची*

## विषयवस्तु

१. पृष्ठभूमि ..... 1

२. समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको स्थिति विवरण ..... 2

३. समस्याग्रस्त सहकारी व्यवस्थापनका प्रमुख समस्या र चुनौतीहरू ..... 14

३.१ प्रमुख समस्याहरू ..... 14

३.२ प्रमुख चुनौतीहरू ..... 16

४. जोखिम विश्लेषण ..... 17

५. आगामी कार्यदिशा ..... 18

# १. पृष्ठभूमि

नेपालमा स्वावलम्बनको पारस्परिक अभ्याससहित वि.सं. २०१३ सालमा सहकारीको औपचारिक सुरुआत भयो। सोपश्चात क्रमश: संवैधानिक र कानुनी मान्यता तथा व्यवस्थासहित सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक खम्बाका रूपमा स्वीकारसमेत गरिएको छ। नेपालको विद्यमान संविधानको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्यसहितको व्यवस्था रहेको छ। सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ का साथै विभिन्न सङ्घीय, प्रादेशिक र स्थानीय विषयगत कानुनबमोजिम तीन तहका सरकारद्वारा सहकारी संस्थाको गठन, सञ्चालन, व्यवस्थापन र नियमनको व्यवस्था गरिएको छ। सो कार्यलाई मार्गदर्शन, व्यवस्थापन र नियमन गर्ने मुख्य जिम्मेवारी सङ्घमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सो अन्तर्गतका सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरणलगायतका विभिन्न निकाय, प्रदेशस्तरका मन्त्रालय र स्थानीय तह मातहतका विभाग शाखासमेतको संस्थागत प्रबन्ध रहेको छ।

उल्लिखित संवैधानिक, कानुनी तथा संस्थागत प्रबन्ध बाहेक स्वनियम र स्वनियन्त्रणको प्रजातान्त्रिक मूल्य मान्यतासहित सम्बन्धित सहकारी संस्थाहरूका प्रबन्धपत्र, विनियमावलीहरू र नीतिहरूबाट समेत सहकारी संस्थाहरूको सुशासन र अनुशासन कायम गरिने व्यवस्था रहेको छ। यी व्यवस्थाबाट गठन, सञ्चालन, व्यवस्थापन र नियमन भइरहेका सहकारी संस्थाहरू पछिल्लो समय संस्थाको कामकारबाहीको व्यवस्थापकीय भूमिकामा रहेका पदाधिकारी, बचतकर्ता र ऋणी सदस्यहरूबाट प्रभावकारी भूमिका निर्वाह नहुनुका साथै अधिकारको दुरुपयोग तथा दायित्वबाट विमुखजस्ता कारणले सहकारी संस्थाहरू समस्यामा पर्ने गरेको देखिन्छ। यस्तो अवस्थालाई मध्यनजर गर्दै जोखिम न्यूनीकरण गर्ने उद्देश्यले सहकारी ऐन, २०७४ मा विभिन्न सर्त र मापदण्ड निर्धारण गरी सहकारी संस्थाहरूलाई समस्याग्रस्त घोषणा गरी स्वनियम र स्वनियन्त्रणमा रहेका त्यस्ता संस्थाहरूको काम कारबाहीमा सरकारी तवरले हस्तक्षेप र व्यवस्थापन गर्न आवश्यकता देखिएपछि समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाहरूको व्यवस्थापनका लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको गठन, समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। विभिन्न मितिमा नेपाल सरकार (मन्त्रालय) बाट समस्याग्रस्त घोषणा भएका सहकारीहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि मिति २०७४।०९।२८ मा पहिलो पटक समिति गठन भएको थियो। समिति

गठनदेखि हालसम्म २३ वटा सहकारी संस्थाहरू यस समितिको जिम्मेवारीमा आएकोमा तीन वटा सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गरी राफसाफ प्रतिवेदन मन्त्रालयमा पेस भएको छ। बाँकी २० वटा सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी कार्य समितिको मुख्य कार्यको रूपमा रहेको छ। समितिबाट समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य सम्पादन गर्ने सिलसिलामा ७४,३०७ जनाबाट ४४ अर्ब ४८ करोड ९० लाख पाँच हजार छ सय छब्बिस रुपियाँ रकम बचत मागदावी पेस हुन आएकोमा चार अर्ब १२ करोड ६६ लाख पाँच हजार छ सय चवन्न रुपियाँ बचत फिर्ता र मिलान कार्य सम्पन्न गरिएको छ।

## २. समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको स्थिति विवरण

समस्याग्रस्त घोषणा भई समितिको जिम्मेवारीमा आएका सहकारीहरूको सम्पत्ति व्यवस्थापन र भुक्तानी दायित्व पूरा गर्न समितिबाट हालसम्म सम्पादित मुख्य कार्यको अवस्था देहायबमोजिम प्रस्तुत गरिएको छः

### २.१ <u>ओरेण्टल को-अपरेटिभ लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७४।०७।२० मा ओरेण्टल को-अपरेटिभ लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा भएकोमा सर्वोच्च अदालतको आदेशबमोजिम पूर्ववत् घोषणा बदर भई मन्त्रालयबाट पुनः मिति २०७९।०६।०७ को निर्णयानुसार समस्याग्रस्त सहकारी घोषणा गरिएको ।
- तोकिएको म्यादभित्र पेस भएका ४२५९ बचत मागदावीकर्ताहरूको तीन अर्ब १९ करोड ५० लाख २२ हजार आठ सय बैसट्ठी रुपियाँ मागदावी रकममध्ये दुई करोड ५७ लाख ४६ हजार एक सय सोह्र रुपियाँ नगद फिर्ता भएको छ भने ९१ करोड ५९ लाख २७ हजार पाँच सय सत्चालिस रुपियाँ बराबरको रकम ऋणी र बचतकर्ताबिच मिलान भएको छ ।
- मागदाबी रकममध्ये अझै दुई अर्ब २५ करोड ३३ लाख ४९ हजार एक उनान्सय रुपियाँ बराबरको मागदाबी रकम फिर्ता गर्न बाँकी रहेको छ ।
- यस सहकारीका ऋणी सङ्ख्या २२७७ जना रहेकोमा ऋणीहरूको बैङ्क खाता र जग्गालगायतका चलअचल सम्पत्ति रोक्का रहेको ।
- यस सहकारी संस्थासँग सम्बद्ध चल अचल सम्पत्ति रोक्का गरिएको छ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल तीन करोड १० लाख ४४ हजार छ सय ४५ रुपियाँ सतहत्तर पैसा रकम मौज्दात रहेको छ।

## २.२ स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।०३।१८ मा स्ट्याण्डेड सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडलाई समस्याग्रस्त घोषणा भएको ।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ३८२ जना रहेका छन् । १७५ जना बचत मागदावीकर्ताहरूको ४९ करोड ३० लाख ६४ हजार नौ सय तेत्तीस रुपियाँ माग दावी रहेकोमा एक करोड ७७ लाख ५९ हजार तीन सय असी रुपियाँ मागदावी नगद फिर्ता गरिएको छ भने एक करोड ५७ लाख ५८ हजार तेत्तीस रुपियाँ ऋणी र बचतकर्ताबिच मिलान गरिएको छ । जसअन्तर्गत ७ जना ऋणीसँग मिलान गरिएको छ भने ७४ जनालाई ५० प्रतिशत रकम र ७१ जनालाई आंशिक वितरण गरिएको छ ।
- ९४ जना बचत मागदावीकर्तालाई मागदावी रकम रु. ४५ करोड ९५ लाख ७२ हजार पाँच सय त्रिपन्न फिर्ता गर्न बाँकी रहेको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल चार लाख ८३ हजार पाँच सय एक रुपियाँ छब्बिस पैसा रकम मौज्दात रहेको छ।

## २.३ प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।०३।१८ मा प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेडलाई समस्याग्रस्त घोषणा भएको ।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या १५२ जना रहेका छन् । जसमध्ये २८ जना ऋणीको जग्गा रोक्का राखिएको छ।
- ३५२ जना बचत मागदावीकर्ताहरूमध्ये १८६ जना मागदावीकर्ताहरूको हिसाब मिलान/बचत फिर्ता भएको छ ।
- कूल बचत मागदावी रकम रु. १२ करोड ४२ लाख ६५ हजार पाँच सय ४१ रहेकोमा पाँच लाख ३७ हजार आठ सय एक रुपियाँ मागदावी रकम नगद फिर्ता गरी रु. १२ करोड ३७ लाख २७ हजार सात सय बयाली रुपियाँ रकम फिर्ता गर्न बाँकी रहेको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल ८४ हजार सात सय २६ रुपियाँ रकम मौज्दात रहेको छ।

## २.४ प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।०३।१८ मा प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा भएको ।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ८१ जना रहेको छ। जसमध्ये ३ जना ऋणीको जग्गा रोक्का राखिएको छ भने १२ जना ऋणीबाट रु. २२ लाख ८ हजार नौ सय नब्बे रुपियाँ असुलउपर भएको छ।
- १३८ जना बचत मागदावीकर्ताहरूको मागदाबी रकम रु. १४ करोड ७१ लाख ८९ हजार पैंसट्ठी रुपियाँमध्ये १५ जनालाई ५० प्रतिशत र बाँकीलाई आंशिक वितरण गरी रु. ११ लाख ५२ हजार चार सय पचासी रुपियाँ मागदावी नगद फिर्ता गरिएको छ ।
- सञ्चालक, कर्मचारी तथा ऋणी गरी जम्मा ८१ जनाको बैङ्क खाता रोक्का गरिएको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल ७९ हजार पाँच सय ९१ रुपियाँ छयहत्तर पैसा रकम मौज्दात रहेको छ।

## २.५ लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७६।०४।१२ मा लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या २४५ जना रहेको छ।
- २१४ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम रु. ११ करोड ७४ लाख ४४ हजार छब्बीस रुपियाँमध्ये रु. चार करोड ४५ लाख १० हजार आठ सय पचपन्न रुपियाँ मागदावी नगद फिर्ता गरिएको छ भने रु. दुई करोड १८ लाख ५६ हजार पाँच सय पन्चानब्बे रुपियाँ ऋणी र बचतकर्ताबिच  मिलान गरिएको छ ।
- रु. पाँच करोड १० लाख ७६ हजार पाँच सय ७६ रुपियाँ बचत मागदावीकर्तालाई फिर्ता गर्न बाँकी रहेको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल छ लाख १४ हजार तीन सय ४५ रुपियाँ रकम मौज्दात रहेको छ।

### २.६ <u>पशुपति सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।०४।०१ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ७१४ जना रहेको छ। जसमध्ये ४८९ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने ६७ जना बाट एक करोड २१ लाख ८६ हजार आठ सय अठचालिस रुपियाँ रकम असुलउपर गरिएको छ ।
- १०४२ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम एक अर्ब ११ करोड ४८ लाख ३ हजार छ सय अठार रुपियाँ रहेको छ। जसमध्ये ३२ लाख २२ हजार आठ सय ५६ रपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने २५ लाख छ हजार सात सय २३ रुपियाँ ९९ पैसा ऋणी र बचतकर्ताबिच मिलान गरी अझै एक अर्ब १० करोड ९० लाख ७४ हजार अठतिस रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल एक करोड १९ लाख ५२ हजार दुई सय २० रुपियाँ अठचालिस पैसा रकम मौज्दात रहेको छ।

### २.७ <u>तुलसी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।०५।२५ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ४४० जना रहेको छ। जसमध्ये ऋणीहरूबाट ७६ लाख ३१ हजार नौ सय चालिस रुपियाँ रकम ऋण असुलउपर गरिएको छ ।
- ५४४३ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम एक अर्ब ५५ करोड ८१ लाख ६१ हजार एकतीस रुपियाँ रहेको छ। हालसम्म मागदावी नगद रकम फिर्ता गरिएको छैन र एक करोड १३ लाख ३४ हजार तीन सय एकानब्बे रुपियाँ ऋणी र बचतकर्ताबिच  मिलान गरी अझै एक अर्ब ५४ करोड ६८ लाख २६ हजार ६४० रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल ७६ लाख ३१ हजार नौ सय चालिस रुपियाँ रकम मौज्दात रहेको छ।

## २.८ शिव शिखर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।०५।२५ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या २५७० जना रहेको छ। जसमध्ये ३५४ जना ऋणी र ३९ जना कर्मचारीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने संस्था र संस्थासँग सम्बन्धित ४० वटा कम्पनीको सम्पत्ति रोक्का राखिएको छ। १५६ जना बाट ६८ लाख आठ हजार छ सय तीन रुपियाँ रकम असुलउपर गरिएको छ ।
- ३३२२३ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम नौ अर्ब ७४ करोड ९५ लाख ४९ हजार एक सय तेईस रुपियाँ रहेको छ। जसमध्ये आठ लाख १७ हजार बैसठ्ठी रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने चार करोड २८ लाख २४ हजार आठ सय एकानब्बे रुपियाँ ऋणी र बचतकर्ताबिच मिलान गरी अझै नौ अर्ब ७० करोड ५९ लाख ७ हजार एक सय असी रुपियाँ बचत फिर्ता गर्न बाँकी रहेको छ । बचत मागदावीकर्ताहरूमध्ये १५ जना बिरामीलाई आंशिक र १३३ जनालाई १०० प्रतिशत मागदावी फिर्ता गरिएको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल चार करोड १३ लाख ८२ हजार चार सय ८६ रुपियाँ नब्बे पैसा रकम मौज्दात रहेको छ।

## २.९ हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१०।११ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या १७ जना रहेको छ। जसमध्ये १७ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने ५ जना बाट ५१ लाख १९ हजार त्रियानब्बे रुपियाँ रकम नगद असुलउपर गरिएको छ।
- ५६ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम रु. ८ करोड १५ लाख ३३ हजार पाँच सय अन्ठानब्बे रुपियाँ रहेको छ।
- जसमध्ये ३८ जनाको आठ करोड पाँच लाख २२ हजार दुई सय १९ रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने ४० लाख १६ हजार ऋणी र बचतकर्ताबिच मिलान गरी अझै एक जना बचतकर्ताको ४१ लाख ८० हजार रुपियाँ रकम बचत फिर्ता मागदावी बाँकी

रहेकोमा निज बचतकर्ता सम्मानित काठमाडौं जिल्ला अदालतमा मुद्दामा गएकाले उल्लिखित मागदावी हाललाई स्थगित गरिएको छ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल छ लाख ५० हजार आठ सय एकानब्बे रुपियाँ उनान्सय पैसा रकम मौज्दात रहेको छ।

## २.१० <u>कृषि विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१०।२६ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या १५२ जना रहेको छ। जसमध्ये १५१ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने ४० जना बाट एक करोड ९३ लाख ५० हजार छ सय ५० रुपियाँ रकम असुलउपर गरिएको छ ।
- २६३५ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम दुई अर्ब ९४ करोड २३ लाख ३८ हजार दुई सय उनन्चालीस रुपियाँ रहेको छ। जसमध्ये ४० लाख ७७ हजार चौरानब्बे रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने दुई करोड २७ लाख १२ हजार पाँच सय छ रुपियाँ रकम ऋणी र बचतकर्ताबिच मिलान गरी अझै दुई अर्ब ९१ करोड ५५ लाख ४८ हजार छ सय उनान्चालीस रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल एक करोड ६८ लाख २२ हजार नौ सय त्रिहत्तर रुपियाँ छयासी पैसा रकम मौज्दात रहेको छ।

## २.११ <u>कान्तिपुर सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।११।०३ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ४५४२ जना रहेको छ। जसमध्ये ९५७ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने २४६ जना बाट १७ करोड २६ लाख ५५ हजार एक सय ८५ रुपियाँ रकम असुलउपर गरिएको छ ।
- ६८३९ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम सात अर्ब ३१ करोड ८४ लाख ९६ हजार चवालीस रुपियाँ रहेको छ। जसमध्ये छयालिस लाख ८५ हजार सात सय बहत्तर रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने रु. १६ करोड ७० लाख ६८ हजार छ

सय छहत्तर रुपियाँ ऋणी र बचतकर्ताबिच  मिलान गरी अझै सात अर्ब १४ करोड ६७ लाख ४१ हजार पाँच सय छयानब्बे रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल १२ करोड १३ लाख ६२ हजार सोह्र रुपियाँ छयालिस पैसा रकम मौज्दात रहेको छ।

## २.१२ लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।११।२९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ९९८ जना रहेको छ। जसमध्ये ३५० जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने ७६ जना बाट पाँच करोड ४५ लाख ४४ हजार बयालिस रुपियाँ रकम असुलउपर गरिएको छ ।
- ५२२० जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम सात अर्ब ६६ करोड नौ लाख २४ हजार दुई सय एकतीस रुपियाँ रहेको छ। जसमध्ये ५६ लाख ४६ हजार तीन सय पचास रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने आठ करोड ८३ लाख ५७ हजार सोह्र रुपियाँ ऋणी र बचतकर्ताबिच मिलान गरी अझै सात अर्ब ५६ करोड ६९ लाख २० हजार नौ सय ५४ रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल पाँच करोड ५८ लाख ४९ हजार दुई सय सन्तानब्बे रुपियाँ चौबिस पैसा रकम मौज्दात रहेको छ।

## २.१३ गौतम श्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१२।१३ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या २५२ जना रहेको छ। जसमध्ये २५२ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने २८ जना बाट ५३ लाख ८८ हजार तीन सय ४९ रुपियाँ रकम असुलउपर गरिएको छ ।
- २०४९ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम दुई अर्ब ९९ करोड १७ लाख सात हजार अठार रुपियाँ रहेको छ। जसमध्ये पाँच करोड ४५ लाख ६ हजार पाँच सय अठचालिस रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने दुई करोड ६८ लाख ३५ हजार एक

सय एक रुपियाँ ऋणी र बचतकर्ताबिच  मिलान गरी अझै दुई अर्ब ९१ करोड तीन लाख ६५ हजार तीन सय उनान्सत्तरी रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल एक लाख ७६ हजार चार सय पच्चीस रुपियाँ ४५ पैसा रकम मौज्दात रहेको छ।

## २.१४ <u>गोरखा सेभिङ एण्ड इन्भेष्टमेन्ट को-अपरेटिभ लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८१।०३।०६ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ९०५ जना रहेको छ। जसमध्ये ६०० जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने १७० जना बाट तीन करोड ६१ लाख १९ हजार छ सय ९४ रुपियाँ रकम असुलउपर गरिएको छ ।
- २५९४ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम तीन अर्ब  २२ करोड ८८ लाख ४५ हजार अठ्तीस रुपियाँ रहेको छ। जसमध्ये एक करोड ४९ लाख ४७ हजार चौंतीस रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने रु. २२ करोड दुई लाख ८४ हजार एक सय बाउन्न रुपियाँ ऋणी र बचतकर्ताबिच  मिलान गरी अझै दुई अर्ब ९९ करोड ३६ लाख १३ हजार आठ सय ५२ रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल दुई करोड ११ लाख ७२ हजार छ सय ६० रुपियाँ रकम मौज्दात रहेको छ।

## २.१५ <u>नेपाल सहकारी वित्तीय संस्था लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति <u>२०८१।०४।०८</u> मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या १७५ जना रहेको छ। जसमध्ये ४० जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने १४ जना बाट ९४ लाख १६ हजार चार सय १२ रुपियाँ रकम असुलउपर गरिएको छ।
- ५७९ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम ४१ करोड ११ लाख ३९ हजार आठ बयानब्बे रुपियाँ रहेको छ। जसमध्ये ६७ लाख ६९ हजार चार सय चौबीस रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने दुईलाख ३६ हजार दुई सय पैंतीस रुपियाँ ऋणी

र बचतकर्ताबिच मिलान गरी अझै ४० करोड ४१ लाख ३४ हजार दुई सय तेत्तीस रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल ६१ लाख ८७ हजार सात सय छयासी रुपियाँ ८२ पैसा रकम मौज्दात रहेको छ।

## २.१६ <u>घेदुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (श्री आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था)</u>

- आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडअन्तर्गतको घेदुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१२।१९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या २४ जना रहेको छ। जसमध्ये १९ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने हालसम्म ऋण रकम असुलउपर भएको छैन ।
- ५०२ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम नौ करोड ८१ लाख १९ हजार चौध रुपियाँ रहेको छ। हालसम्म मागदावी नगद रकम फिर्ता नभएको र एक लाख ५६ हजार पाँच सय रुपियाँ रकम ऋणी र बचतकर्ताबिच मिलान गरी अझै रु. नौ करोड ७९ लाख ६२ हजार पाँच सय १४ रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल रकम मौज्दात नरहेको ।

## २.१७ <u>तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (श्री आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था)</u>

- श्री आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडअन्तर्गतको तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१२।१९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ४५३ जना रहेको छ। जसमध्ये २१८ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने तेह्र लाख ५२ हजार एकसट्ठी रुपियाँ रकम असुलउपर गरिएको छ ।
- १२३७ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम ४५ करोड ३२ लाख २८ हजार आठ सय आठ रुपियाँ रहेको छ। हालसम्म मागदावी नगद रकम फिर्ता गरिएको छैन भने १० लाख ९९ हजार चार सय ६१ ऋणी र बचतकर्ताबिच मिलान गरी अझै ४५ करोड २१ लाख २९ हजार तीन सय सत्चालिस रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल नौ लाख ९६ हजार आठ सय आठ रुपियाँ सैँतिस पैसा रकम मौज्दात रहेको छ।

२.१८ <u>हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (श्री आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था)</u>

- श्री आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडअन्तर्गको हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१२।१९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या २९९७ जना रहेको छ। जसमध्ये १९९० जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने एक करोड ३४ लाख ७३ हजार नौ सय ८० रुपियाँ रकम असुलउपर गरिएको छ ।
- ३९५७ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम दुई अर्ब ४२ करोड ६९ लाख ५३ हजार आठ सय छपन्न रुपियाँ रहेको छ। हालसम्म मागदावी कुनै पनि नगद रकम फिर्ता गरिएको छैन भने पाँच करोड ५३ लाख ५९ हजार चार सय चवन्न रुपियाँ ऋणी र बचतकर्ताबिच मिलान गरी अझै दुई अर्ब ३७ करोड १५ लाख ९४ हजार चार सय दुई रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल एक करोड ६४ लाख ६६ हजार चार सय ६१ रुपियाँ रकम मौज्दात रहेको छ।

२.१९ <u>नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (श्री आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था)</u>

- श्री आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडअन्तर्तगको नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१२।१९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ६४१ जना रहेको छ। जसमध्ये १५१ जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने १६ हजार आठ सय ८० रुपियाँ रकम नगद असुलउपर गरिएको छ ।
- २५७ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम २७ करोड ७९ लाख १९ हजार तीन सय सत्सट्ठी रुपियाँ रहेको छ। हालसम्म कुनै पनि मागदावी रकम नगद फिर्ता गरिएको छैन

भने दुई लाख सात हजार नौ सय ८५ रुपियाँ ऋणी र बचतकर्ताबिच मिलान गरी अझै २७ करोड ७७ लाख ११ हजार तीन सय ८२ रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।

- सहकारीको नाममा रहेको समितिको खातामा हाल ११ हजार आठ सय ८२ रुपियाँ रकम मौज्दात रहेको छ।

## २.२० <u>आइडियल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (श्री आइडियल यमुना बहुउद्देश्यीय सहकारी संस्था)</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०८०।१२।१९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या ७३६ जना रहेको छ। जसमध्ये २६० जना ऋणीहरूको चल अचल सम्पत्ति रोक्का राखिएको छ भने ७१ लाख पाँच हजार पाँच सय ६९ रुपियाँ नगद रकम असुलउपर गरिएको छ ।
- ७१७३ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम ५६ अर्ब ७७ करोड ९३ लाख ८० हजार दुई सय एकचालीस रुपियाँ रहेको छ। हालसम्म मागदावी नगद रकम फिर्ता गरिएको छैन भने आठ लाख ५२ हजार ऋणी र बचतकर्ताबिच मिलान गरी अझै ५६ अर्ब ७७ करझड ८५ लाख २८ हजार दुई सय ४१ रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल ३५ लाख चार हजार तीन सय ३९ रुपियाँ पचपन्न पैसा रकम मौज्दात रहेको छ।

## २.२१ <u>कुबेर बचत तथा ऋण सहकारी संस्था लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।०३।१८ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- १० जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम ५७ लाख ६३ हजार चार सय सत्सठ्ठी रुपियाँ रहेकोमा मिति २०८१।०३।०६ मा हिसाब फरफारक भई राफसाफका लागि पेस भएको ।

### २.२२ सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।११।१९ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- यस सहकारी संस्थाको ऋणी सङ्ख्या २८ जना रहेको छ। ३ जना बाट ६३ लाख ४० हजार आठ सय ११ रुपियाँ रकम असुलउपर गरिएको छ ।
- २४० जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम १० करोड ८७ लाख ४१ हजार दुई सय त्रिचालीस रुपियाँ रहेको छ। जसमध्ये पाँच करोड ९८ लाख १९ हजार एकानब्बे रुपियाँ मागदावी नगद रकम फिर्ता गरिएको छ भने ७० लाख २३ हजार नौ सय २० रुपियाँ ऋणी र बचतकर्ताबिच मिलान गरी अझै रु. चार करोड ८९ लाख २२ हजार एक सय ५२ रुपियाँ रकम बचत फिर्ता गर्न बाँकी रहेको छ।
- सहकारीको नाममा रहेको समितिको खातामा हाल दुई लाख ११ हजार दुई सय ३८ रुपियाँ त्रियानब्बे पैसा रकम मौज्दात रहेको छ।

### २.२३ <u>स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिम लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।०३।१८ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- १६ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम ७५ लाख २८ हजार आठ सय चौबीस रुपियाँ रहेकोमा मिति २०८१।०३।०६ मा हिसाब फरफारक भई राफसाफका लागि मन्त्रालयमा प्रतिवेदन पेस भएको ।

### २.२४ <u>चार्टर्ड सेभिङ एण्ड क्रेडिट को-अपरेटिम लिमिटेड</u>

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७५।०३।१८ मा समस्याग्रस्त सहकारी घोषणा भएको।
- १४ जना बचत मागदावीकर्ताहरूको माग दाबी रकम ८४ लाख ११ हजार चार सय चौरानब्बे रुपियाँ रहेकोमा मिति २०८१।०२।२० मा हिसाब फरफारक भई राफसाफका लागि मन्त्रालयमा प्रतिवेदन पेस भएको ।
- मिति २०८१।०७।२६ मा छुट भएका ११ जना बचतकर्तालाई रु ११ लाख ६३ हजार एक सय ११ रुपियाँ वितरण गरी पुन: राफसाफको लागि मन्त्रालयमा पठाइएको ।

सहकारी "स्व-नियम र स्व-नियन्त्रण"मा आधारित हुनुपर्नेमा पछिल्ला वर्षहरूमा स्वनियम असफल अभ्यास हुँदा यस क्षेत्रले गम्भीर संरचनात्मक संकट भोग्दै आएको छ। सहकारीका सञ्चालकहरूको मनोमानी कार्यशैली, बचत कर्ताको बचत रकम कानून विपरित निजी कम्पनी तथा अन्य व्यापार व्यवसायमा परिचालन, सहकारी सदस्यहरूबाट सहकारी संस्थाको निगरानी नहुनु, कमजोर सुशासन, अपारदर्शी वित्तीय कारोबार, बिना वा कमसल धितोमा ऋण प्रवाह हुनु, तमसुक बिना वा छद्म नाममा ऋण प्रवाह हुनु, अपर्याप्त आन्तरिक नियन्त्रण प्रणाली, राजनीतिक हस्तक्षेप, नियामकीय निकायहरूबीचको कार्यक्षेत्रगत अस्पष्टता तथा प्रविधिमा आधारित निगरानी प्रणालीसमेतको अभावका कारण ठूलो सङ्ख्यामा सहकारीहरू जोखिममा परेका छन्। बचतकर्ताको रकम सुरक्षित रहने विश्वास कमजोर बन्दै गएको छ र समस्याग्रस्त सहकारीहरूको सङ्ख्या तथा मागदावी रकम निरन्तर बढ्दो क्रममा रहेको छ। यस अवस्थाले सहकारी अभियानको मूल उद्देश्य नै संकटमा पारेको छ र समयमै प्रभावकारी सुधार नगरेमा सहकारी क्षेत्रमाथि जनआस्था गम्भीर रूपमा क्षयीकरण हुने जोखिम बढ्दै गएको छ।

## ३. समस्याग्रस्त सहकारी व्यवस्थापनका प्रमुख समस्या र चुनौतीहरू

समस्याग्रस्त सहकारी व्यवस्थापन गठन भएको ८ वर्षको अवधिमा समस्याग्रस्त सहकारी संस्थाहरूको व्यवस्थापन र दायित्व भुक्तानी कार्य अपेक्षित रूपमा सम्पन्न हुन नसक्नुमा देखा परेका प्रमुख समस्या र चुनौतीहरू देहायबमोजिम प्रस्तुत गरिएको छः

### *३.१ प्रमुख समस्याहरू*

१. सहकारी संस्थाहरूलाई सहकारी घोषणा गर्नु पूर्वका कार्य र घोषणा भई समितिको जिम्मामा आउने बिचको अवधिमा सहकारी संस्थासँग सम्बन्धित सूचना, कागजात र सम्पत्तिको हिनामिना भइसकेका कारण संस्थाको दायित्व र बचत यकिन गर्न तथा व्यवस्थापन र दायित्व भुक्तानी गर्न कठिनाई भएको ।

२. समितिको कार्यसम्पादनको सिलसिलामा अधिकांश कार्य अनुसन्धान तथा अभियोजनसँग सम्बन्धित कार्य गर्नुपर्ने आवश्यकता देखिने तर समितिको विद्यमान संरचना, क्षेत्राधिकार र जनशक्तिको उपलब्धताबाट सो कार्य कठिन भएको ।

३. समितिको कार्यसम्पादनमा स्वार्थ समूह र पक्षहरूको अनुचित हस्तक्षेप र दबाबका कारण स्वतन्त्र र निष्पक्ष ढङ्गले कार्यसम्पादन गर्न कठिनाई भएको ।

४. समस्याग्रस्त घोषित सहकारी संस्थाहरूका मुख्य तथा शाखा कार्यालयहरू विभिन्न प्रदेश र जिल्लामा रहेका कारण ऋणी, बचतकर्ताहरू, सम्पत्ति र अभिलेखका सम्बन्धमा जाँचबुझ र कारबाही गर्न पटक पटक स्थलगत रूपमा उपस्थित हुनुपर्ने र सामग्री ढुवानी गर्नेलगायतका खर्च व्यवस्थापनमा कानुनी जटिलता र न्यून विनियोजनका कारण समस्या भएको ।

५. समितिको कार्यसम्पादनसम्बन्धी अभिलेख व्यवस्थापन र प्रतिवेदन प्रणाली प्रभावकारी बनाउन नसकिएको ।

६. कार्यालयको प्रकृति अस्थायी भएको र छिटो छिटो कर्मचारी सरुवा तथा परिवर्तन हुने गरेकाले संस्थागत सक्षमता, कर्मचारी उत्प्रेरणा र संस्मरण कमजोर भएको ।

७. समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन र दायित्व भुक्तानी कार्यमा सरकारी आर्थिक कार्यविधिसम्बन्धी कानुनको अवलम्बन गर्ने कि सहकारी संस्थासम्बन्धी नियमहरू भन्ने अन्योलताका कारण कार्यसम्पादनमा कठिनाई भएको ।

८. समितिको आन्तरिक कार्यसञ्चालन प्रक्रियामा सरलीकरणको अपर्याप्तताका कारण कार्यबोझ व्यवस्थापन कमजोर भएको ।

९. बचतकर्ता र ऋणी तथा बचत र ऋण रकमको विवरण तथा कागजात अद्यावधिक र चुस्त दुरुस्त नभएका कारण ऋण असुली र बचत फिर्ता गर्ने कार्यमा समस्या परेको।

१०. समस्याग्रस्त सहकारी संस्थाहरू तथा संस्थासँग सम्बन्धित व्यक्ति र कम्पनीका नाममा भएका सम्पत्ति बैङ्किङ संस्था र अदालतबाट पहिलो रोक्का रहेका कारण लिलाम बिक्री तथा असुली प्रक्रिया अगाडि बढाउन नसकिएको ।

## ३.२ प्रमुख चुनौतीहरू

१. सहकारी संस्थासँग सम्बन्धित सूचना, कागजात र सम्पत्तिको पहिचान, संरक्षण र प्राप्तिबाट संस्थाहरूको व्यवस्थापन र दायित्व भुक्तानी कार्य सम्पन्न गर्नु,

२. सरोकारवाला निकायहरूबिचको समन्वय र सहयोगबाट अनुसन्धान तथा अभियोजनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नु,

३. स्वार्थ समूह र पक्षहरूको अनुचित हस्तक्षेप र दबाब मुक्त गराई समितिको कार्यसम्पादनलाई स्वतन्त्र र निष्पक्ष बनाउनु,

४. पर्याप्त स्रोतसाधनको उपलब्धता र कानुनी बाधा अड्चन फुकाई स्थलगत भ्रमण तथा कार्यसम्पादनलाई व्यवस्थित गर्नु,

५. आवश्यक संयन्त्र र प्रणालीको विकास र कार्यान्वयन गरी अभिलेख व्यवस्थापन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनु,

६. मन्त्रालयको सहयोग र समन्वयमा निश्चित अवधिसम्म कर्मचारीले निरन्तर रूपमा काम गर्ने वातावरण र उत्प्रेरणाका उपायको अवलम्बन गरी संस्थागत सक्षमता र संस्मरण बलियो बनाउनु,

७. समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन र दायित्व भुक्तानी कार्यमा प्रचलित छरिएर रहेका व्यवस्था र कानुनहरूको व्यवस्थाबमोजिम उपयुक्त आर्थिक कार्यविधि तय गरी कार्यान्वयन गर्नु,

८. समितिको आन्तरिक कार्यसञ्चालन प्रक्रियालाई व्यवस्थित र सरलीकरण गरी कार्यबोझ व्यवस्थापन गर्नु,

९. उपलब्ध विवरण तथा कागजात र सम्बन्धित व्यक्ति, बैङ्कहरूसँगको समन्वय र सञ्चारमा विवरण तथा कागजात अद्यावधिक गरी सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी कार्य गर्नु।

१०. सम्बन्धित सहकारी तथा ऋणीका नाममा भएका सम्पत्तिमा पहिलो रोक्का राख्ने बैङ्क तथा अदालतलगायतका निकायसँगको समन्वय र सहयोगमा सहकारी संस्थाको दायित्वसमेत फरफारक कार्य गर्नु ।

## ४. जोखिम विश्लेषण

- नेपाल सरकारबाट घोषणा गरिएका अधिकांश सहकारी संस्थाहरूको पूँजी अपर्याप्त र असुली नहुने कर्जा उच्च हुँदा पीडित बचतकर्ताहरूको मागदाबीबमोजिम निक्षेप फिर्ता कार्य शीघ्र गर्न कठिनाई छ । बचतकर्ताहरूको बचत फिर्ता कार्यमा हुने ढिलाईले पीडितहरूले समयमै न्याय नपाउने, समिति र सरकारप्रति अविश्वास बढ्दै जानुका साथै सो अवस्थामा स्वार्थ समूहले गलत सूचना प्रवाह तथा गठजोडको दुरुपयोग गरी आन्दोलन, विरोधलगायतका माध्यमबाट समितिलाई कार्यसम्पादन गर्न कठिन हुने अवस्था आगामी दिनमा पनि आउन सक्ने देखिन्छ।
- प्राप्त दावी निवेदनबमोजिमका सम्बन्धित सहकारी संस्थाहरूको कारोबार, अभिलेखलगायतका विवरण जाँच गर्दा सबै ऋणीहरूको विवरण, प्रमाण पुग्ने कागजात नभएको/लुकाइएको, हिसाब मिलान नभएको, ऋणीले ऋण तिरेको दाबी गरेता पनि सहकारीको प्रणालीमा अद्यावधिक भएको नदेखिएको लगायतका आन्तरिक नियन्त्रण प्रणालीगत कमजोरीका साथै स्वार्थको द्वन्द्वको अवस्था समेत देखिन्छ । यसबाट संस्थामा रकम हिनामिना र गलत कर्जा प्रवाह भएको देखिएकाले त्यस्ता संस्थाको पीडितलाई बचत फिर्ता गर्न कानूनी तथा प्रक्रियागत जटिलताले ढिलाई हुन सक्छ ।
- समस्याग्रस्त सहकारी संस्थाहरूको कारोबार अधिकांशतः COPOMIS मा आवद्ध नभएको, आफ्नै व्यवस्थापन सूचना प्रणाली प्रयोग गरी कारोबार गरेको देखिन्छ । जथाभावी सूचना प्रणाली प्रयोगका कारण पीडक सहकारी सञ्चालकले विवरण सजिलै लुकाउन र हेरफेर गर्न सक्ने भएकाले कारोबारको विवरण यकिन गर्न कठिन छ । जसले पीडितलाई बचत फिर्ता गर्न प्रक्रियागत अड्चन बढाउन सक्छ।
- समस्याग्रस्त सहकारी संस्थाको ऋण असुली प्रक्रिया अन्तर्गत १३ हजार ऋणी सदस्यहरूको बैङ्क खाता, शेयर तथा अचल सम्पत्ति रोक्का गरिएको छ । अचल सम्पत्ति मूल्याङ्कन गरी मौद्रिक कारोबारमार्फत प्राप्ति प्रक्रिया जटिल र प्रक्रियामुखी रहेकाले ऋण असुली कार्य प्रभावकारी बनाउन चुनौतिपूर्ण छ । जसको कारण मागदाबी पुगेका बचतकर्ताको बचत फिर्ता गर्दै हिसाबकिताब राफसाफ फरफारक गर्न लामो समय लाग्न सक्ने अवस्था देखिन्छ ।
- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा कार्यबोझ, कार्यप्रकृति र प्रणालीका आधारमा सहकारी सम्बन्धी विषय हेर्न दक्ष, अनुभवी र उत्प्रेरित कर्मचारीको पर्याप्ततामा खाडल देखिन्छ । कर्मचारीको छिटोछिटो सरुवा हुनु, कार्यानुभव र कार्यप्रगतिको प्रत्यक्ष अप्रत्यक्ष

सम्बन्ध राख्ने सूचना तथा जानकारी हस्तान्तरण नहुनु जस्ता कारणले कार्यप्रणालीको संस्थागत स्मरण प्रभावकारी नहुँदा २० वटै समस्याग्रस्त सहकारी संस्थाहरूसँग सम्बन्धित ऋण असुली तथा बचत फिर्ता सँगसँगै छिटोछरितो ढङ्गले कार्यसम्पादन गर्न कठिनाई हुन सक्छ ।

- बचतकर्ताको बचत फिर्ता गर्न नेपाल सरकारबाट चक्रीय कोष निर्माण गरी उक्त कोषबाट साना बचतकर्ताको रकम फिर्ता गर्न सकिने भएपनि स्पष्ट मापदण्ड र सारभूत कानूनको अभावमा चक्रीय कोषबाट बचत फिर्ता गर्ने निर्णय गर्न कानूनी तथा प्रशासनिक प्रक्रियागत जटिलता हुँदा उक्त कोषबाट बचत फिर्ता गर्न कठिन छ ।
- स्वार्थको द्वन्द्व, गलत सूचना प्रवाह, अपवाह फैलाइनु र पीडितलाई कार्यप्रक्रियाका बारेमा आश्वस्त पार्न नसक्नु, सरोकारवालाहरूको पर्याप्त सहयोग र समन्वय हुन नसक्दा समितिका साथै समग्र शासन प्रणालीको सुशासन र विश्वास नै कमजोर हुन सक्ने देखिन्छ।

## ५. आगामी कार्यदिशा

- राष्ट्रिय सहकारी नियमन प्राधिकरणको समेत पहलमा सम्पूर्ण सहकारीलाई कर्जा सूचना केन्द्रको सदस्यता दिलाउन मन्त्रालयबाट पहल हुन आवश्यक देखिन्छ ।
- समस्याग्रस्त घोषित सहकारी संस्थासँग सम्बन्धित सूचना, कागजात र सम्पत्तिको पहिचान, संरक्षण गरी ऋण असुली तथा सम्पत्ति प्राप्तिका आधारमा पहिले प्राप्त भएका रीत पुगेका बचतकर्ताको निवेदन मागदाबीका आधारमा क्रमश बचत फिर्ता गर्ने व्यवस्था मिलाइनेछ ।
- समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी कार्य सम्पन्न गर्नका लागि समितिको अनुरोध र मन्त्रालयको पहलमा पर्याप्त स्रोतसाधनको उपलब्धता हुने र कानुनी जटिलता हटाइनेछ।
- समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको आन्तरिक कार्यसञ्चालन प्रक्रियालाई व्यवस्थित र सरलीकरणका लागि नीतिगत तथा कार्यविधिगत व्यवस्था समितिको अग्रसरता र मन्त्रालयको सहयोगमा हुनेछ ।
- समितिको कार्यसम्पादनमा स्वार्थ समूह र पक्षहरूको अनुचित हस्तक्षेप र दबाबमुक्त गरी स्वतन्त्र र निष्पक्ष ढङ्गले कार्यसम्पादन गर्ने वातावरण निर्माण गरिनेछ ।

- सरोकारवाला निकायहरूबिचको समन्वय र सहयोगबाट अनुसन्धान तथा अभियोजनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्दै समितिको कार्यालयबाट हुने कार्यसम्पादनलाई प्रविधिमैत्री र सुशासनयुक्त बनाइनेछ ।
- समितिको कार्यालयमा आवश्यक स्रोत साधन, प्रविधिको व्यवस्थाका साथै कानुनी बाधा अड्चन फुकाई कार्यगत स्मरण प्रणाली र उत्प्रेरणाको माध्यमबाट जनशक्ति परिचालन गरी आवश्यक संयन्त्र र प्रणालीको विकास र कार्यान्वयन गरी अभिलेख व्यवस्थापन र प्रतिवेदन प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।
- समितिको कार्यसम्पादन र प्रगतिका बारेमा नियमित रूपमा कार्यालयको वेबसाइटमार्फत सूचना सार्वजनिक गर्ने व्यवस्थाका साथै सम्बन्धित ऋणी तथा बचतकर्ताहरूसँगको समन्वय र सम्पर्कबाट पारदर्शिता र विश्वास बढाउँदै लगिनेछ।